हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १९२ पृष्ठ : ४ २०७७ माघ ३० गते शुक्रबार (Friday 12 February 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

• बालविवाहको जकड्दिो अवस्था •

## कलिलै उमेरमा बिहे, २० वर्षमा तीन सन्तान





**लहान ।** धनगढीमाई नगरपालिका-११ की रेखा सदा मुसहरको १४ वर्षको उमेरमा विवाह भएको थियो । माईति सिरहाको नरहा ललभितिया हो । कानुनी रूपमा विवाह गर्ने उनको उमेर अहिले बल्ल पुगेको छ-'२० वर्ष' । तर, २० वर्ष उमेरमा उनले तीन छोराछोरी जन्माइ सकेकी छन् ।

जेठो छोरा निशु सदा ५ वर्ष, छोरी रानी सदा साढे तीन वर्ष र काखे रितिका सदा माघ १२ गते वर्ष दिन पुगिन । पेटमा चौथो गर्भ समेत छ । उनका पति अरूण इटा भट्टामा काम गरेर गुजारा चलाउँछन् । भूमिहीन सुकुम्बासी परिवारका उनीहरू निरक्षर छन् । अक्षर खुट्याउन सक्दैनन् । त्यसो त अहिलेसम्म उनीहरूको नागरिकता समेत बनेको छैन । रेखा सदाले बर्सेनि जसो बालबच्चा जन्माइरहदा उनकी सासुआमा आशा सदा समेत अहिले सम्म बच्चा जन्माइरहेकी छन् । जेठा छोरा अरूण (जो रेखाका पति हुन्, २० वर्ष), माहिलो अर्जुन ८ वर्ष, कान्छा विशाल साढे ६ वर्ष र छोरी अन्जली छन् । सासु बुहारीसँगसँगै बर्सेनि जसो सुत्केरी हुँदा स्याहार नपुग्दा रोगले गाूजेको रेखा सुनाउूछिन । 'सुत्केरीको बेला पोषण खानेकुरा पाउँनु परेको कुरा कति रात भोकैं सुत्नुपर्थ्यो,' रेखाले भनिन्, 'ढाड दुख्ने, जोर्नीहरू कटकट खाने रोगले थलिएको छुँ ।' रेखाकी सासुआमा आशा पनि त्यस्तै समस्या भोगिरहेकी छन् । गह्रौं काम गर्न उनी सक्तिनन् । उनका पति मनकुले भारतको पञ्जाबमा मजदुरी गरेर खर्च पठाउँछन् । रेखा र आशालाई विवाह गर्ने उमेर २० वर्षपारि हो भन्ने हेक्का छैन । त्यसो त धनगढीमाई नगरपालिका-११ का २३ घर मुसहर बस्तीका अधिकांशको विवाह सानै उमेरमा भएका छन् । रेखाको आमा

बाँकी ३ पेजमा

## सौंच गर्न गएकी किशोरी बलात्कृत हुनबाट जोगिइन्, एक पक्राउ

बिनय यादव

**मिर्चैया ।** सिरहामा सौंच गर्न गएकी एक किशोरी बलात्कृत हुनबाट जोगिएकी छन् । कर्जन्हा नगरपालिका-४ की स्थानीय १५ वर्षीया किशोरी बलात्कृत हुनबाट जोगिएकी हुन् । उनीमाथि गत मंगलबार राति बलात्कारको प्रयास भएको हो । राती साढे १० बजेको समयमा सौंच गर्न गएकी उनीमाथि स्थानीय गुणेश्वर प्रसाद सिंहले बलात्कारको प्रयास गरेका हुन् । किशोरीलाई सिंहले

बाँकी २ पेजमा

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्रयाक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट ।
यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :-
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller
हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८




टेलिफोन नं. ०३३-६९२९२८ दर्ता नं. १२५४४०/०७१/०७२
श्रमजिवी केयर हस्पिटल प्रा.लि.
धनगढीमाई-११, सोनापुर,सिरहा
कर्मचारी आवश्यकता
दोस्रो पटक प्रकाशित मिति २०७७।१०।३० गते
यस अस्पतालका लागी निम्न कर्मचारीहरुको आवश्यक भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस अस्पतालमा आई सम्पर्क राख्नुहुन सुचित गरिन्छ ।
तपसिल

| क्र.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | MBBS, MS, अर्थोपेडीक | १ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| २. | MBBS, MS, जनरल सर्जन | १ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| ३. | MBBS | २ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| ४. | STAFF NURSE | २ | PCL NURSING उत्तीर्ण गरी दुई वर्ष अनुभव भएको । |
| ५. | ANM | ३ | ANM उत्तीर्ण गरी दुई वर्ष अनुभव भएको । |
| ६. | स्वयमसेविका धनगढीमाई न.पा. को प्रत्येक वडाबाट १ जना गरी | १४ | स्वास्थ्य सम्बन्धी अनुभव भएको तथा सुडेनी तालिम प्राप्त भएकोलाई विशेष प्राथमिकता । |
| ७. | फार्मेसी असिस्टेन्ट | १ | सम्बन्धित विषयमा उत्तीर्ण भएको र अनुभव प्राप्त । |

नोट :- तलव तथा अन्य सुविधा हस्पिटलको नियमानुसार हुने छ ।
सम्पर्क
श्रमजिवी केयर अस्पताल प्रा.लि.
धनगढीमाई -११, सोनापुर (सिरहा)
सम्पर्क नं. ९८५२८३१०३२/९८०१५००४८१
९८४२८२८१९१/९८१८२२९०४७




फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# मिस्टर एण्ड मिस सिरहाको ताज चिराग र वन्चिता लाई

**फिरोज शेख**



**लहान ।** मिस्टर एण्ड मिस सिरहा आइकन–२०२१ को ग्राण्ड फिनाले बुधबार राति सम्पन्न भएको छ । पी. प्रोडक्सन नेपाल प्रालिको आयोजनामा संचालन भएको 'मिस्टर एण्ड मिस सिरहा आइकन–२०२१' को फिनालेमा कडा प्रतिस्पर्धाका बीच मिस्टर सिरहा २०२१ चिराग शर्मा, मिस सिरहा २०२१ बन्चिता यादव र लिटल मिस्टर सिरहा २०२१ सारंस साह भएका छन् ।

शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्जका सञ्चालक फिरोज शेखको अध्यक्षतामा सम्पन्न फिनालेमा ७ जना युवती र ११ जना युवा गरी १८ जना प्रतियोगीबीच विभिन्न राउण्डमा कडा प्रतिस्पर्धा हुँदा प्रतियोगितामा ६ युवतीलाई उछिन्दै सिरहाकी १८ वर्षीया बन्चिता यादव मिस सिरहाको ताज पहिरिन सफल भएकी हुन । त्यसैगरी ११ जना समकक्षी प्रतिस्पर्धीलाई उछिन्दै चिरागले मिस्टर सिरहाको ताज पहिरिएका छन । मिस सिरहाको उपाधि जितेकी यादवलाई मिस ग्रान्ड नेपाल–२०१९ निशा पाठकले ताज पहिऱ्याइन । मिस्टर सिरहालाई कोरियोग्राफर प्रशान्त साहले ताज पहिऱ्याएक थिइ । मिस र मिस्टर सिरहालाई १५–१५ हजार नगद, मोडलिङ एग्रिमेन्ट, म्युजिक भिडियो गर्ने मौका, विभिन्न तालिमको अवसर प्रदान गर्ने आयोजकले जनाएका छन् ।

फिनालेको फस्ट रनरअप रोमन परियार र रितिका शर्मा भएका छन् । त्यस्तै सेकेन्ड रनरअप दिपक रोय र पुर्णिमा यादव, मिस्टर टेन शुसांत साह, भिवर च्वाइस रीतिका शर्मा, अर्ग्नाइजर च्वाइस विनर जिवछ पासवान हुन् सफल भएका छन् । फिनालेको निर्णायक समितिमा मिस ग्रान्ड नेपाल–२०१९ निशा पाठक, संचारकर्मी विशाल एच आले, डान्सर तथा कोरियोग्राफर विमल पासवान, अर्ग्नाइजर साइर केसी रहेका थिए । प्रतियोगिता सफल बनाउन विशेष सहयोग गर्ने राष्ट्रिय युवा संघ नेपालका सिरहा जिल्ला सह–संयोजक आशाननद यादव, युवा नेता विवेक पंजियार, मनोज सहनी, उमेश यादव, विराट मण्डल लगायत विभिन्न सहयोगीहातहरू लगायत अतिथीहरूलाई मायाको चिनोले सम्मानित गरिएको थियो । गायक सरोज सन्त, सोनी कुमार, शुसिल विश्वकर्मा, अभिषेक गौतम, दिपक शर्मा ,गोकुल न्यौपाने लगायत विभिन्न कलाकारहरूद्वारा सांस्कृतिक प्रस्तुतिहरू पनि प्रस्तुत गरिएको थियो । फिनाले लहान ८ मा अवस्थित पशुपति डिजिटल सिनेमा हलमा सम्पन्न भएको छ । प्रतियोगिताको मिडिया पार्टनर रेडियो सरगम ९३ मेगाहर्ज र लहान पोस्ट दैनिक पत्रिका रहेको थियो । कार्यक्रमलाई सफलतापुर्वक सम्पन्न गर्न पि प्रोडक्सन प्रालिका कार्यक्रम संयोजक विशाल पासवान , कार्यक्रम सह–संयोजक राजा अन्सारी, अफिसिअल कोरियोग्राफर प्रशान्त साह र मिस सिरहा २०२० विजेता सुप्रिया मण्डलले मूख्य भूमिका निर्वाह गरेका थिए । कार्यक्रमको उदघोषण बुटवलका रेशम न्यौपानेले गरेका थिए ।

# सामाजिक न्याय, मुक्ती र विभेदविरुद्ध राष्ट्रिय दलित मुक्ती जागरण अभियान

## *फागुन १ गते पूर्वमा राजविराज र पश्चिममा दैलेख बजारबाट एकसाथ सुरु हुने*

**राजविराज ।** सामाजिक न्याय, मुक्ती र विभेदविरूद्ध देशव्यापी रूपमा बृहत राष्ट्रिय दलित मुक्ती जागरण अभियान सुरू हुने भएको छ । सप्तरीको राजविराजमा बिहीबार पत्रकार सम्मेलनमार्फत सो अभियानबारे जानकारी गराइएको हो । फागुन १ गते राजविराजस्थित रंगशाला मैदान र पश्चिमको दैलेख बजारबाट एकसाथ अभियान सुरू हुन गईरहेको अभियानका पूर्वी संयोजक राजेश विद्रोहीले जानकारी दिए । 'पटक पटक आन्दोलन भए, आन्दोलनमा दलितसहित उत्पिडित समुदायले बलिदानी दिइरहे । तर, दलित समुदायको सामाजिक, आर्थिक र राजनीतिक अवस्था भने अझै फेरिएको छैन्' पत्रकार सम्मेलनमा उनले भने– 'पछिल्लो पटक ओली नेतृत्वको सरकारकै कार्यकालमा पनि दलित समुदायले धेरै अन्याय र अत्याचार सहनु परेकै हो, रूकुम र तराई मधेशका विभिन्न ठाउँमा भएको हत्याकाण्ड, दलितमाथि हिंसा, बलात्कारका घटना आदी–आदी ।'

यस्ता घटनाहरूलाई मध्येनजर गर्दै न्याय, मुक्ती र विभेद विरूद्ध सडकमा उत्रिनुपर्ने बाध्यता आइलागेको उनले बताए । 'संयुक्त दलित संघर्षको राष्ट्रिय दलित मुक्ती जागरण अभियानले देशव्यापी रूपमा जागरण अभियान तथा विरोधका कार्यक्रम गर्नेछ, साथै ओली सरकारले पछिल्लो पटक चालेको प्रतिगामी कदम विरूद्धको आन्दोलन पनि हो ।' राष्ट्रिय दलित मुक्ति जागरण अभियान, नेपाल ( सप्तरी) ले फाल्गुन १ गते राजविराजमा आयोजना गर्न लागेको अभियानमा २५ हजारभन्दा बढीलाई सहभागी गराउने राष्ट्रिय दलित मुक्ति जागरण अभियान, नेपाल सप्तरीका संयोजक प्रथमलाल रामले जानकारी दिए । पत्रकार सम्मेलनमा अभियानका अगुवाहरू गंगा सदा, बद्री सदा लगायतको उपस्थिती थियो ।




# कलिलै उमेरमा ...

प्रमिलाको विवाह १० वर्षमै भएको थियो । प्रमिलाले समेत अहिलेसम्म बच्चा जन्माइरहेकी छन् । ८ बहिनी छोरीमध्ये रेखा जेठी हुन् । माहिली प्रभाको पनि सानैमा सिरहाको बर्छ्वामा विवाह भएर गइन । साहिली पवनीको सिरहाको गढियामा विवाह भएको छ । उनीहरूका एक/एक छोरी छन् । काहिली चन्द्रिका, अमेरिका, राधा, राधिका, मनिका बहिनीहरू छन् । कान्छी मनिका ६ वर्षकी भइन् । रेखाका बुबा फूल कुमार सदा मुसहरले इटा भट्टामा मजदुरी गरी गुजारा चलाईरहेका छन् । रेखा भन्छिन्, 'मुसहर समुदायमा सानै उमेरमा विवाह गर्ने चलन भएकाले उमेर पुगेर २० वर्षपछि मात्र विवाह गर्नुपर्छ भन्ने थाहा नहुँदा सानैमा विवाह गर्नुपऱ्यो ।' रेखाकैं छिमेकी सविना सदा भर्खर २१ वर्ष टेकेकी छन् । उनको पनि १५ वर्षकै उमेर पुग्न लाग्दा सुजितसूग विवाह भयो । विवाह भएको सालदेखि बर्सेनि उनले २ छोरी र २ छोरा जन्माएकी छन् ।जेठी छोरी रूपा ७ वर्ष, रूपम ६, छोरा राज ५ र विराजा ४ वर्षका छन् । सविनाको पेटमा ६ महिनाको गर्भ छ । माइति सप्तरीको कदमाहा भएकी सविनाले माइतिपट्टिका साथी संगीको सानै उमेरमा विवाह भएको सुनाइन् । सविनाका पति सुजित इटा भट्टामा काम गरेर गुजारा चलाउँछन् । पतिको दिनको ८ सय कमाईले खान लाउन समस्या भोगिरहेका सविनाले बर्सेनि जसो बच्चा जन्माउँदा बिरामी भइरहने गरेको सुनाइन ।

लहान नगरपालिका–२४ झुटकीस्थित ३७ घरपरिवार बसोबास रहेको मुसहरी टोल छ । त्यहाू पुग्दा कलिलो उमेरका मुसहर बुहारीहरू बालबच्चा काखी च्यापेर बसेको भेटिन्छन् । टोलका नयाू पुस्ताका बुहारीहरू १५ वर्षीया रूबी देवी सदा ६ महिने छोरा प्रवेश, १७ वर्षीया पुजा अढाई बर्ष छोरी उषा, २० वर्षीया सिल्टोदेवी १ वर्षे छोरा रितेशलाई कूखी च्यापेर घाम तापीरहेका भटिए । सिल्टोको रितेश तेस्रो सन्तान हुन । उनका २ छोरी ३ वर्षीया आकृति, २ वर्षीया अनु र काखे रितेश छोरा छन् । २२ वर्षीया मालती सदाका ३ सन्तान छन् । आँचल, शिवानी र मन्जित । मालतीका पति सोभित सदा साहुको ट्रयाक्टर चलाउँछन् । कलिलै उमेरमा सन्तान जन्माएकी रूबी, पुजा, सिल्टो, मालती निरक्षर छन् । त्यसो त उनका पति प्रमोद, सन्तोष, गोविन्द, सोभित निरक्षर छन् । बस्तीका नयाँ पुस्ताका युवा युवती समेत निरक्षर हुँदा सिंगो बस्तीका वृद्धवृद्धाले अक्षर चिन्न सक्ने कुरै भएन । उनीहरू ऐलानी जग्गामा बसोबास गर्छन । कोही खोलामा गिट्टी चालेर गुजारा चलाउछन भने कोही युवा मजदुरीका लागि भारतको मुम्बई र पञ्जाबतर्फ हानिएका छन् । धनगढीमाई र झुटकीमात्र हेइन सिरहाका मुसहर बस्तीमा सानै उमेरमा आमा बन्ने युवतीहरूको संख्या बढ्दो छ । जनगणना २०६८ अनुसार नेपालमा मुसहरको जनसंख्या २ लाख ३४ हजार ४९० छ । सिरहामा दलित मुसहर समुदायको जनसंख्या ३९ हजार ९ सय २९ छ । तीमध्ये ९५ प्रतिशत भूमिहीन सुकुम्बासी छन् । मुसहर समुदायको साक्षरता दर ०.००४ प्रतिशत उल्लेख छ । अशिक्षा र चेतनाकैं कारण मुसहर समुदायमा बालविवाह चलन बढ्दो रहेको बताउछन् नेपाल राष्ट्रिय मुसहर संघका अध्यक्ष चन्देश्वर सदा । उनका अनुसार तराईका जिल्लामा दलित समुदायमध्येपनि सीमान्तकृत, अल्पसंख्यक डोम र मुसहर समुदायमा विशेषगरी छोराछोरी जन्मने बित्तिकै विवाहको टुंगो लगाउने चलन कायम रहनु र मगनी भइसकेको छोरीले उमेर पुगेपछि अन्यत्रै विवाह गर्ला कि भन्ने डरले सानैमा विवाह गरिदिने चलन कायमै छ । मुसहर संघका अनुसार ९९ प्रति भूमिहीन सुकुम्बासी रहेका मुसहर समुदाय हरूवा, चरूवा र अरूको घरमा काम गरेर जीविकोपार्जन गर्छन् । उनीहरूको नाममा अहिलेसम्म जग्गा जमीन

बाँकी ४ पेजमा

# महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

## लहानमा जारी क्रिकेट प्रतियोगिता

# एपोलो ओम सेकेन्डरी स्कुल र बेबी एन्जल स्कुल विजय

**फिरोज शेख**

लहान । एपोलो ओम सेकेन्डरी स्कुल र साइपल कलेजको आयोजनामा संचालन भइरहेको इन्टर स्कुल टि–२० क्रिकेट प्रतियोगिता अन्तर्गत जारि प्रतियोगिता अन्तर्गत बिहिबार सम्पन्न दुई खेलमा एपोलो ओम सेकेन्डरी स्कुल र बेबी एन्जल स्कुल विजय भएका छन् ।

प्रतियोगिता अन्तर्गत बिहीबार एपोलो र समता स्कुलबीच भएको पहिलो खेलमा एपोलो स्कुलले टस जितेर पहिला ब्याटिंग गर्दै निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा १२६ रन बनाएका थिए । १२७ रनको विजय लक्ष्य सहित जवाफी ब्याटिंग गर्न आएका समता स्कुलले १७ ओभर एक बलमा अलआउट हुँदै १०८ रनमा समेटिए पछि १८ रनले पराजित भएका छन् । खेलमा उत्कृष्ट प्रदर्शन गरेका एपोलोका खिलाडी अनिश




मण्डल 'म्यान अफ द म्याच' भएका छन् । यसैबीच प्रतियोगिता अन्तर्गत बिहीबार सम्पन्न दोस्रो खेलमा बेबी एन्जल स्कुलले लर्डबुद्ध स्कुललाई ३७ रनले पराजित गर्दै जित निकालेका छन् । टस जितेर पहिला ब्याटिंग गरेका बेबी एन्जलले निर्धारित २० ओभर खेल्दै ८ विकेटको क्षतिमा १५१ रन बनाएको थियो । जवाफी ब्याटिंगका लागी मैदानमा उत्रेका लर्डबुद्ध स्कुलले निर्धारित २० ओभरको सामना गर्दै ९ विकेटको क्षतिमा ११४ रनमै समेटिएको थियो । खेलमा उत्कृष्ट प्रदर्शन गरेका बाबु यादव 'म्यान अफ द म्याच' भएका छन् । दुवै खेलको निर्णायक एम्पायरमा संजय चौधरी र अजय पासवान रहेका थिए भने स्कोरर कसिन्द्र कुमार दास ,उद्घोषक राधे मण्डल रहेका थिए ।

## कलिलै उमेरमा ...

छैन् । लहान बहुमुखि क्याम्पसका समाजशास्त्र विभागका सहप्राध्यापक शोभितलाल चौधरी अशिक्षा र गरिबीको पराकाष्ठा, शिक्षा, चेतनाका अभावका परिस्थितिलाई बुझ्ने वातावरण नपाएकाले पनि दलित समुदायका उनीहरू प्राकृतिक, सामाजिकरूपमा प्रताडित समुदायमा पर्न गएको बताउछन् । सोझो जाति भएकाले अह्राएको जस्तोपनि काम गर्न तयार उनीहरूमा कुनबेला कसरी काम गर्ने भन्ने जानकारी नभएकाले पनि समस्या देखिएको र पोषण, खानपानको अभावले सबैभन्दा बढी पीडित समुदाय दलित मुसहर परिवार रहेको उनको तर्क छ । जिल्लाका अधिकांश दलित समुदायमध्येपनि मुसहर समुदाय भूमिहीन सुकुम्बासी छन् । निमुखा, सुकुम्वासी समुदायका लागि राज्यले दीर्घकालीन योजनातर्जुमा गरी समस्या समाधान गर्न उपाय अवलम्वन गर्नुपर्ने उनको धारणा छ । घरमा दुर्व्यवहार हुँदा, अभिभावकलाई चेतना नहुँदा, मनोविमर्श नहुँदा बालविवाह बढिरहेको उनको तर्क छ । विभिन्न संस्कार र परम्पराका नाममा बालविवाहलाई मलजल गर्ने काम भइरहेको र विशेषगरी सामाजिक मूल्य मान्यता, पारिवारिक दबाव, प्रजनन स्वास्थ्य शिक्षाको अभाव, कानुन कार्यान्वयनमा कमी जस्ता कारणले बालविवाह भइरहेको पाइन्छ । प्रहरी तथ्यांकले पनि प्रदेश २ का जिल्लामा बालविवाह क्रम बढेको देखाउँछ । २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्यांक अनुसार आर्थिक वर्ष २०७३/०७४ मा तराईका जिल्ला सिरहामा १, महोत्तरीमा ३, बारा, रौतहट र धनुषामा १/१ बालविवाहका घट्ना भए । त्यसैगरी आव २०७४/७५ मा पर्सा ४, सप्तरी २ महोत्तरी, धनुषा र सिरहामा १/१ गरी जम्मा ७ बालविवाह भए । यो क्रम बढेर आव २०७५/७६ मा ती जिल्लामा २७ बालविवाह घटना भए । जसमध्ये सबैभन्दा बढी सिरहामा १०, धनुषा ६, महोत्तरी ४, बारा, सप्तरी २/२, पर्सा, रौतहट, सर्लाहीमा १/१ बालविवाह घटना भए । चिडिमार, डोम, मुसहर आदि मधेसी दलित समूहमा पहिलो विवाह हुने उमेर १५ वर्षभन्दा मुनि (१३.८ र १३.९ वर्ष रहेको छ । नेपालको कानुनअनुसार बालविवाह गरेमा निम्न किसिमको दण्ड तथा सजायको ब्यवस्था छ । १० वर्ष पूरा नभएको बालिकाको विवाह गरेमा या गराएमा ६ महिनादेखि तीन वर्षसम्मको कैद सजाय वा एक हजारदेखि १० हजार रूपैयाँसम्मको जरिवाना । १० वर्षदेखि १४ वर्ष उमेर नपुगेको बालिकाको विवाह गरेमा या गराएमा ३ महिनादेखि १ वर्षसम्म कैद या १० हजार रूपैयाँसम्मको जरिवाना । १४ देखि १८ वर्ष नपुगेका बालिकाको विवाह गरेमा वा गराएमा ६ महिनासम्म कैद वा १० हजार रूपैयाँसम्मको जरिवाना वा दुवै सजाय । र २० वर्ष नपुगेका बालिकाको विवाह गरेमा या गराएमा ६ महिनासम्म कैद वा १० हजार रूपैयाँसम्मको जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । बालबालिकासम्बन्धि ऐन २०७५ मा पनि बालविवाहलाई बालबालिका विरूद्धको कसुरमा राखिएको छ । यसको दफा ७२ को उपदफा ३ को खण्ड (ख) मा बालविवाह गर्ने गराउनेलाई तीन वर्षसम्म कैद र ७५ हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको छ । तर व्यवहारिकरूपमा बालविवाह गर्नेलाई कारबाही हुन सकेको छैन । विश्वव्यापीस्तरमा बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य को प्राप्तिका लागि एक बाधकको रूपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (२०१६–२०३०) बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

**बालविवाहविरूद्ध चेतना जगाउँदै मुसहर किशोरी**

मधेसमा बालविवाह चलन अझै कायमै छ । अझ दलित मुसहर समुदायमा बालविवाह चलन बढ्दो छ । तर तिनै मुसहर समुदायका किशोरीहरू अचेल कानुनी र शारीरिक, मानसिक रूपमा समेत सबल नभएसम्म विवाह गरिदिन हतारो गर्नुहुन्न भन्दै बालविवाह विरूद्धको अभियानमा सक्रिय भएका छन् । कक्षा १० मा पढ्दै गरेकी सिरहा मलहनवा मुसहर बस्तीकी १६ वर्षीया राधिका सदाय मुसहरलाई उनका अभिभावकले विवाह गरिदिन खाजे । बुवा झगडु र आमा ठकनीका एक मात्र छोरी राधिकालाई विवाहका लागि मगनी आयो । विभिन्न संघसंस्थाले दिएको तालिम र स्कुले शिक्षाबाट बालविवाहबारे जनाकार राधिकाले विवाह मगनीलाई अस्वीकार गरिन । 'विवाह अस्वीकार गरेलगत्तै अभिभावकले हेला गर्न थाले' राधिकाले भनिन् 'कानुनी र शारीरिक रूपमा पनि विवाह गर्ने उमेर होइन भन्दा अभिभावकले वेवास्ता गर्न थाले, एकमात्र सन्तान भएकाले विवाह छिटो गर्नुपर्ने ढिपी गरिरहे ।' विवाह टार्न पनि उनले टोलकै सँगै पढने संगीहरूलाई भेला पारिन । र, बालविवाह चलन विरूद्ध समाजमा लड्ने निधोमा पुगिन । बस्तीकै कक्षा १० मा पढने सुमित्रा कुमारी सदाय मुसहर, सन्तोषी, कक्षा ९ मा पढ्ने सुमिता, कक्षा ८ मा पढ्दै गरेकी अनुषा सदाय मुसहरले बालविवाह चलन विरूद्ध अग्रसर देखाइन । राधिकाकैं अग्रसरतामा उनीहरूले नमूना किशोरी समूह गठन गरे ।
मुसहर किशोरी समूहले राधिकाका अभिभावकलाई बालविवाह कानुनीरूपमा दण्डनीय हुने र शारिरीक, मानसिक रूपमा दुर्बल हुने सुझाए । त्यसो त राधिकाका बुवा झगडुले १४ वर्षको उमेरमा ठकनीसूग लगन गाँठो कसेका थिए । छपराडीका झगडु विवाह लगत्तै ससुराली मलहनवामा बस्न थाले । १६ वर्षको उमेरमा ठकनीले राधिकालाई जन्माइन । त्यसपछि झगडु र ठकनीको सन्तान भएन ।

सानै उमेरमा ठकनीले बच्चा जन्माएको कारण अरू बच्चा नभएको बुझिन । छोरीलाई विवाह गरिदिन खोज्ने तीनै झगडु अहिले छोरी राधिकासँगै बालविवाह विरूद्धको अभियानमा सक्रिय भएका छन् । अभियानमा संलग्न विवाहबारे जानकारी नहुँदै १६ वर्षमै सिरहा मोहनपुर कमलपुरकी सुमिता सदाय मुसहरलाई अभिभावकले मलहनवामा अन्माएर पठायो । माइतीघर मोहनपुर कमलपुरले उनलाई १६ वर्षसम्म मात्र हुर्किने अवसर दियो । त्यसपछि उनी पराया घरमा संघर्ष गर्न बाध्य भइन् । कक्षा ८ मा पढ्दै गर्दा मलहनवाका जीतेन सदाय मुसहरसँग उनको २०७४ वैशाख ७ मा मागी विवाह भएको थियो । 'कलिलैं उमेरमा बुहार्तन सहनुपऱ्यो' उनले भनिन् 'पराया घरमा जनवन (ज्याला मजदुरी)मा खटिनुपर्दा समस्या भयो ।' तर यहाँ आएपछि किशोरीहरूले बालविवाह विरूद्ध संगठित हुनथालेपछि उनीपनि अभियानमा संलग्न भइन । अहिले समूहमा २५ किशोरी संलग्न छन् । 'अभियानमा संलग्न भएपछि बालविवाह कानुनीरूपमा दण्डनीय र शारिरीक, मानसिक रूपमा पनि असर पर्ने थाहा भयो' उनले भनिन् 'त्यसपछि आफ्नै मुसहर समुदायमा बालविवाह विरूद्ध अभियानमा सरिक हुन थाले ।' ती किशोरी समूहले सुमितालाई कक्षा ९ मा नामांकन गरिदिएपछि फेरी स्कुल जानथालेकी छन् । तालिमहरूमा सक्रिय हुन थालेकी छन् । 'अभियानले मलाई ठूलो शिक्षा दियो' उनले भनिन् 'अब २० वर्ष नपुगि बालबच्चा नजन्माउने निधोमा पुगेका छौ ।' बालविवाह गर्नुभन्द शिक्षा दिनुपर्छ भनी हिड्दा अवरोध समेत भएको स्मरण गर्दै उनी भन्छिन् 'अहिले गाउँकै पुरूष लगायत अभिभावक किशोरीहरूको सक्रियत राम्रो रहेछ भन्न थालेका छन् ।' सुमिताकी पति जीतेन पनि अहिले उनको अभियानमा सक्रिय छन् । जीतेन भन्छन् 'थाहा नहुँदा सानै उमेरमा बिहे गरेपनि २० वर्ष पारी बालबच्चा जन्माउने निर्णयमा पुगेका छौं, २० वर्ष पुगेपछि मात्रै सन्तानको रहर पुरा गर्छौं ।'अभियानमा संलग्न किशोरीहरूले घरघरमा गएर 'बिहेबारी २० वर्षपारी' लगायत कानुनी प्रावधानका बारेमा अभिभावकलाई सुझाउँछन् । टोलका अभिभावकहरूलाई बेला बेलामा भेला पारेर उनीहरूले बालविवाहसूगै भदौं १ गतेदेखि लागू भएको मुलुकी अपराध (संहिता) ऐन २०७४ अनुसार बालविवाह, दाइजो माग्ने र दाइजोका कारण महिलामाथि हुने हिंसा, बहुविवाहका बारेमा जानकारी गराउँछन् । मलहनवाकैं १३ वर्षको उमेरमा विवाह गरेका ३८ वर्षीय लखना सदाय मुसहर किशोरीको अभियानपछि बालविवाह रोकिएको बताउँछन् । त्यति मात्र होइन, किशोरी हस्तक्षेपछि सामाजिक कार्य र सामाजिक कुरीतिसमेत न्यूनीकरण भएको उनले सुनाए ।

## आँफै लडेर ...

**बालुवाटारकै दबाबमा पक्राउ, बालुवाटारकै निर्देशनमा रिहा**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) की नेतृ रामकुमारी झाँक्रीलाई प्रधानमन्त्री निवास बालुवाटारको निर्देशनपछि रिहा गरिएको खुलेको छ । प्रहरी उच्च स्रोतले दिएको जानकारीअनुसार नेतृ झाँक्रीलाई पक्राउ गर्न प्रहरी उच्च नेतृत्वलाई प्रधानमन्त्री निवास बालुवाटारबाट लगातार दबाब आएको थियो । प्रहरीले केहीदिन पक्राउ गर्न नहुने सन्देश पठाइरहेको भए पनि बुधबार बेलुका 'जसरी पनि पक्राउ गर्न निर्देशन दिएको' स्रोत बताउँछ । 'बालुवाटारकै दबाबमा पक्राउ गरिएको हो,' स्रोतले भन्यो, 'चौतर्फी दबाबपछि बालुवाटारबाटै रिहा गर्न निर्देशन आएको थियो ।' *साभार : बाह्रखरीबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा







लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)